# नेपालको अन्तरिम संविधान, २०६३ को आठौँ संशोधन

प्रमाणीकरण तथा प्रकाशन मिति

२०६७।२।१४

प्रस्तावना: नेपालको अन्तरिम संविधान, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो संशोधन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संशोधनको नाम "नेपालको अन्तरिम संविधान (आठौँ संशोधन), २०६७" रहेको छ ।

(२) यो संशोधन तुरून्त प्रारम्भ हुनेछ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६४ मा संशोधन: नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६४ मा रहेका "दुई वर्षको" भन्ने शब्दहरूको सट्टा "तीन वर्षको" भन्ने शब्दहरू राखिएका छन ।

नेपाल कानून आयोग